नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
( प्रशासन शाखा )

फोनः ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्सः ०१-४४१४३९१

पो.ब.नं. ४०७
लाजिम्पाट, काठमाडौँ

मिति २०८१/०५/२६ गते।
ने.सं. ११४४ त्रलाथ्वा ९ बुधबार

# प्रेस विज्ञप्ती-०८

## " कलाकार भिषामा युरोप पठाउछु भनि विभिन्न व्यक्तिसंग रकम ठगी गर्ने व्यक्ति पक्राउ "

बिभिन्न देशहरुमा हुने नेपाली सांस्कृतिक कार्यक्रमहरुमा आवश्यक पर्ने कलाकारको रुपमा कलाकार भिषामा क्यानाडा, अष्ट्रेलिया तथा युरोपेली देशहरुमा लैजाने भनि विशेषगरी भौगोलिक रुपमा विकट क्षेत्रका मानिसहरुलाई युरोपेली मुलुकहरुमा राम्रो काम पाईने र आम्दानी समेत सोही अनुरुप आकर्षक हुने प्रलोभन देखाई आफुले संचालन गरीरहेको SMS Films प्रा.लि.को नाममा ग्लोबल आईएमई बैंक लि. मा रहेको खातामा प्रतिब्यक्ति १५ देखी २० लाख सम्म रकम जम्मा गर्न लगाउने तथा विदेश जान तयार मानिसहरुले खातामा रकम जम्मा गरिसकेपछी रकम जम्मा गर्ने व्यक्तिहरुले कलाकार भिषामा विदेशी मुलुकमा भिषा प्रयोजनको लागि आवश्यक पर्ने बैंक स्टेटमेन्ट लगायतका कागजातहरु समेत नक्कली बनाउने, रकम जम्मा गर्ने पिडितहरुले भिषा तथा जाने मितिको बारेमा सोधपुछ गर्दा विदेशमा कार्यक्रमको लागी तयारी हुँदैछ  तयारी भएपछी खबर गर्छु भनी पडितहरुलाई लामो समयसम्म झुलाई अन्तमा पिडितहरुको सम्पर्कबाट बाहिर रही ठगी गर्ने कार्यमा संलग्न निम्न विवरण भएका व्यक्तिलाई मिति २०८१/०५/२५ गते जि. काठमाडौं बुढानिलकण्ठ न.पा. वडा नं. ३, हात्तिगौडाबाट पक्राउ गरि सम्मानित जिल्ला अदालत काठमडौंबाट दिन (५) को म्याद थप भई आवश्यक अनुसन्धान भईरहेको।

**निम्नः-**



**नामः-** सुलेमान शंकर (ईकु) भन्ने सुर्यमान शंकर
**ठेगानाः-** जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका वडा नं.२४, धपाखेल स्थायी वतन भई हाल जि.काठमाडौं, का.म.पा. वडा नं. ४ धुम्बाराही बस्ने।`
**उमेरः-** ४० वर्ष

**साथैः-** उल्लेखित व्यक्तिबाट ठगिएको भए यथाशिघ्र यस ब्यूरोमा सम्पर्क गर्न हुन समेत अनुरोध गरिएको छ।

**( गोबिन्द्र बोगटी )**
**प्रहरी उपरीक्षक**
**प्रवक्ता एवं सूचना अधिकारी**
**सम्पर्क नम्बर ९८५१२९१३११**